# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिका नगरकार्यपालिकाद्धारा प्रकाशित**

**खण्ड ७) बेसीशहर, माघ २८ गते, २०८१ साल (संख्या ११**

**भाग २**

**बेसीशहर नगरपालिका**

**नगर कार्यपालिकाको सूचना**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदाफा (२) बमोजिम बेसीशहर नगरपालिकाको मिति **२०८१ माघ २८ गते** को कार्यपालिका बैठकले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## बेसीशहर नगरपालिकाको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावना :**

नगरपालिका भित्र नियमानुसार अनुमति प्राप्त वा स्वीकृति प्राप्त गरी सञ्चालन भइरहेका सामुदायिक विद्यालयहरुमा शिक्षण सिकाई कृयाकलापलाई प्रभावकारी बनाइ शिक्षाको गुणस्तर वृद्धि गर्न विद्यार्थी संख्या र सञ्चालित कक्षा/तहको आधारमा विद्यालयहरुमा शिक्षकको दरवन्दी मिलान तथा व्यवस्थापन, सरल, पारदर्शी एवम् अनुमान योग्य गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११(ज) ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगरपालिकाको स्थानीय शिक्षा ऐन २०७५ को दफा ६५(२) मा भएको व्यवस्था बमोजिम बेसीशहर नगरपालिकाले शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०८१ बनाइ लागू गरेको छ ।

## परिच्छेद १ : प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०८१ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले बेसीशहर नगरपालिका सम्झनु पर्दछ।

(ख) "नगर सभा" भन्नाले बेसीशहर नगर सभा सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले बेसीशहर नगर कार्यपालिका सम्झनु पर्दछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेसीशहर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ङ) "शिक्षा समिति" भन्नाले बेसीशहर नगरपालिकाको शिक्षा समिति सम्झनु पर्दछ।

(च) "शाखा प्रमुख" भन्नाले शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख वा सो काम गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्दछ।

(छ) "दरबन्दी" भन्नाले नेपाल सरकारद्धारा स्वीकृत अनुदान प्राप्त स्थायी कोटा सम्झनुपर्दछ।

(ज) "राहत दरबन्दी" भन्नाले नेपाल सरकारबाट स्वीकृत राहत कोटा सम्झनुपर्दछ।

(झ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित अनुदान प्राप्त गर्ने बेसीशहर नगरपालिका भित्र सञ्चालित विद्यालय सम्झनुपर्दछ।

(ञ) "शिक्षक" भन्नाले सरकारी श्रोतबाट तलब भत्ता खाने गरी शिक्षक पदमा नियुक्ति पाई विद्यालयमा अध्यापन गर्ने व्यक्तिलाई सम्झनुपर्दछ र सो शब्दले विद्यालयको प्रधानाध्यापकलाई समेत सम्झनुपर्दछ।

(ट) "बालविकास सहजकर्ता" भन्नाले बेसीशहर नगरपालिका अन्तर्गतका बालविकास केन्द्रहरुमा नियुक्त भएका सहजकर्तालाई सम्झनुपर्दछ।

## परिच्छेद २: दरबन्दी मिलानका आधारहरु

४. **शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्था :** (१) यस शैक्षिक सत्र २०८१ मा विद्यालयले शैक्षिक सूचना प्रणाली (EMIS) मा भरेको विद्यार्थी संख्यालाई सत्यापन गर्दा कायम भएको संख्यालाई कक्षागत विद्यार्थी संख्यामा प्रयोग गरिनेछ।

(२) विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी र राहत दरबन्दीमा कार्यरत शिक्षक संख्यालाई सम्बन्धित विद्यालयको शिक्षक संख्या मानिनेछ।

(३) अवधि नतोकी काजमा सरुवा भएका शिक्षकहरु जुन विद्यालयमा कार्यरत छन् उक्त शिक्षकहरुलाई पनि सोही विद्यालयको शिक्षक मानी विद्यालयको शिक्षक संख्या गणना गरिनेछ।

(४) विद्यालयहरुमा दरबन्दी कायम गर्दा आधारभूत तह, कक्षा (१-३) को विद्यालयमा ३० जनासम्म विद्यार्थी भएमा न्यूनतम् २ वटा र आधारभूत तह, कक्षा (१-५) को विद्यालयमा ४० जनासम्म विद्यार्थी भएमा न्यूनतम् ३ वटा दरबन्दी कायम गर्ने र न्यूनतम् दरबन्दी भन्दा बढी दरबन्दी थप गर्दा २० जना विद्यार्थी बराबर १ शिक्षक दरबन्दी कायम गर्दै जाने र यसैगरी विद्यार्थी संख्या २० को ५०% भन्दा बढि ११ जना वा सो भन्दा बढी भएमा १ जना शिक्षक दरबन्दी थप गरी दरबन्दी कायम गर्ने।

(५) बुँदा नं. ४ मा आधारभूत तह कक्षा (१-३) मा ३० जनासम्म विद्यार्थी भएमा न्यूनतम् २ जना शिक्षक र कक्षा (१-५) मा ४० जनासम्म विद्यार्थी भएमा न्यूनतम् ३ जना शिक्षक दरबन्दी कायम गर्ने भनि लेखिएको भएतापनि आधारभूत तह कक्षा (१ -३) मा ६ वा सो भन्दा कम भएमा १ जना र आधारभूत तह कक्षा (१-५) मा १० जना वा सो भन्दा कम विद्यार्थी भएमा २ जना शिक्षक दरबन्दी कायम गर्न सकिनेछ।

(६) आधारभूत तह कक्षा, (६-८) को हकमा ४० जना विद्यार्थी सम्मका लागि न्यूनतम् ३ वटा दरबन्दी कायम गर्ने र विद्यार्थी संख्याको आधारमा अन्य दरबन्दी थप गर्ने र न्यूनतम् दरबन्दी भन्दा बढी दरबन्दी कायम गर्दा २० जना बराबर १ शिक्षक दरबन्दी कायम गर्दै जाने र अन्तमा ११ जना वा सो भन्दा बढी विद्यार्थी भएमा थप १ जनाको दरबन्दी कायम गर्ने। शिक्षक नियुक्ति गर्दा वा व्यवस्थापन गर्दा प्राथमिकताको आधारमा अङ्ग्रेजी १, गणित/विज्ञान १, नेपाली १ र सामाजिक १ हुने गरी व्यवस्थापन गर्ने।

(७) माध्यमिक तह, कक्षा (९-१०) का लागि १०० जना सम्म न्यूनतम् ५ वटा दरबन्दी कायम गर्ने। उक्त ५ वटा दरबन्दीहरुमा विषयगत रुपमा अङ्ग्रेजी १, गणित १, विज्ञान १, नेपाली १ र सामाजिक १ हुने गरी कायम गर्ने।न्यूनतम् दरबन्दी भन्दा बढि दरबन्दी कायम गर्दा २० जना बराबर १ शिक्षक दरबन्दी कायम गर्दै जाने र यसैगरी ११ जना वा सो भन्दा बढि विद्यार्थी भएमा थप १ जनाको दरबन्दी कायम गर्ने। न्यूनतम् दरबन्दी पूरा भएपछि विद्यालयको मागको आधारमा समेत अन्य विषयका दरबन्दीहरु थप गरिनेछ। माध्यमिक तहमा न्यूनतम् दरबन्दी भन्दा थप शिक्षक पाउने अवस्था भएमा न्यूनतम् दरबन्दीमा उल्लेखित सबै विषयमा २/२ जना नपुगेसम्म एउटै विषयमा ३ जनाको दरबन्दी कायम गरिने छैन।

(८) विशेष अवस्थामा बाहेक कुनै माध्यमिक तह कक्षा (९-१०) मा जतिसुकै संख्यामा विद्यार्थी भएतापनि अधिकतम् ७ जना भन्दा बढि दरबन्दी कायम गरिने छैन।

(९) माध्यमिक तह, कक्षा (११-१२) का लागि न्यूनतम् २ वटा दरबन्दी कायम गर्ने र विद्यार्थी संख्याका आधारमा अन्य दरबन्दी थप गर्ने।कक्षा (११-१२) मा विद्यार्थी संख्याका

आधारमा दरबन्दी थप गर्दा प्रति ४० जना बराबर १ वटा दरबन्दी कायम गर्ने र यसैगरी २१ जना वा सो भन्दा बढी विद्यार्थी संख्या भएमा थप १ दरबन्दी कायम गर्ने ।

(१०) आधारभूत तह कक्षा, (६- ८) र माध्यमिक तह, कक्षा, (९-१०) तथा , कक्षा (११-१२) मा दरबन्दी मिलान गरी शिक्षक व्यवस्थापन गर्दा सम्बन्धित तहको शिक्षक कमी हुन गएमा माथिल्लो योग्यता भएका प्राथमिक तहका शिक्षकहरुलाई व्यवस्थापन गरिनेछ र प्राथमिक तहका शिक्षकहरुलाई माथिल्लो तहमा खटाए बापत नगरपालिकाको तर्फबाट यथोचित मात्रामा थप सुबिधा प्रदान गरिनेछ । कक्षा (११-१२) मा सञ्चालित प्राविधक धारमा विद्यार्थी सङ्ख्या शून्य भएमा उक्त धारको शिक्षकलाई अन्य विद्यालयमा वा नगर शिक्षा समितिले व्यवस्थापन गर्नेछ ।

(११) शिक्षक दरबन्दी मिलान गरी बाँकी भएका शिक्षक दरबन्दीलाई नगरपालिकाको पुल दरबन्दीमा कायम गरी आवश्यकता अनुसार नगर शिक्षा समितिको निर्णय अनुसार अन्य धेरै विद्यार्थी संख्या भएका विद्यालयहरुमा काजमा खटाइनेछ ।

(१२) सम्बन्धित तहको स्थायी शिक्षक दरबन्दी नभएका आधारभूत तह, कक्षा (६-८) र माध्यमिक तहमा दरबन्दी मिलान गर्दा सम्भव भएसम्म कमसेकम १ जना स्थायी शिक्षक व्यवस्थापन गरी प्रधानाध्यापकको समेत जिम्मेवारी दिइनेछ ।

**५. दरबन्दी मिलानमा सरुवा वा पदस्थापन सम्बन्धी व्यवस्था :**

(१) शिक्षकहरुको पारस्परिक सरुवाका लागि सामन्यतया व्यवस्थापन समितिको सिफारिस र सम्बन्धित शिक्षकहरुको सहमतिको आधारमा सरुवा गर्न सकिनेछ तर निम्नमाध्यमिक तह र माध्यमिक तहको शिक्षकको विषय मिल्ने गरी मात्र सरुवा गरिनेछ ।

(२) शैक्षिक व्यवस्थापनमा कमजोर देखिएका विद्यालयहरुको नगर शिक्षा समितिबाट गठित विज्ञ सहितको निरीक्षण टोलीले बिस्तृत रुपमा निरीक्षण अनुगमन गरी पेश गरेको प्रतिवेदनले विद्यालयको शैक्षिक अवस्था सुधारका लागि विद्यालयमा कार्यरत शिक्षकहरुलाई सरुवा गरी फेरबदल गर्नुपर्ने सिफारिस प्राप्त भएमा त्यस्ता विद्यालयमा कार्यरत रहेका शिक्षकहरुलाई अन्य विद्यालयमा शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्णय गरी सरुवा गरिनेछ ।सामान्यतया कुनै एउटा विद्यालयमा १ वर्ष सेवा अवधि पुगेको शिक्षकलाई अन्य विद्यालयमा सरुवा वा काजमा खटाउन नगर शिक्षा समितिले महसुस गरेमा अन्य विद्यालयमा सरुवा गर्न सकिनेछ। शिक्षकहरुको सरुवा गर्दा विषय समेत मिलाइनेछ ।

(३) उपदफा (१) र (२) मा जेसुकै लेखिएको भएता पनि विद्यालयमा कार्यसम्पादन सन्तोषजनक नदेखिएमा जुनसुकै वेला अन्य विद्यालयमा सरुवा गर्ने अधिकार बेसीशहर नगरपालिकाको शिक्षा समितिमा निहित हुनेछ ।

(४) दरबन्दी मिलानको समयमा अनिवार्य अवकास पाउन १ वर्ष वा सो भन्दा कम समयावधि भएका शिक्षकहरुको विशेष परिस्थितिमा बाहेक सरुवा गरिने छैन ।

(५) कुनै विद्यालयमा विद्यार्थी संख्याका आधारमा हाल कार्यरत शिक्षक दरबन्दी कटौती गर्नुपर्ने अवस्थामा, दरबन्दी मिलान वा काजमा सरुवा गर्दा क्रमश: अस्थायी करार, राहत र स्थायी कनिष्ठ शिक्षकलाई अन्य विद्यालयमा सरुवा व्यवस्थापन गरिनेछ तर दरबन्दी कटौती हुने विद्यालयमा उपल्लो तहमा अध्यापन गर्न सक्ने शैक्षिक योग्यता भएका शिक्षक भएको अवस्थामा भने उपल्लो शैक्षिक योग्यता भएका शिक्षकलाई अन्य विद्यालयमा सरुवा गरी पदस्थापन गरिनेछ।

(६) प्रत्येक विद्यालयमा कम्तीमा १ जना बालविकास सहजकर्ताको व्यवस्था गरिँदै लगिनेछ भने बालविकास केन्द्रमा उमेर पुगेका बालबालिकाहरु २० जना भन्दा बढी भएको विद्यालयमा २ वटा सम्म बालविकास केन्द्रका सहजकर्ताको व्यवस्था गरिनेछ।

(७) समुदायमा आधारित बालविकास केन्द्रहरुमा बालविकास केन्द्र सञ्चालन मापदण्ड अनुरुप कम्तीमा १० जना वा सो भन्दा कम भएको खण्डमा त्यस्ता बालविकास केन्द्रहरुलाई अन्य विद्यालयमा रहेको बालविकास केन्द्रमा समायोजन गरिनेछ।यसरी बालविकास केन्द्र समायोजन हुँदाका बखत उक्त विद्यालयको बालविकास केन्द्रमा बालविकास सहजकर्ताको कोटा नभएको अवस्थामा उक्त समुदायमा सञ्चालित बालविकास केन्द्रको सहजकर्ताको कोटा कायम गरिनेछ वा उक्त विद्यालयमा बालविकास केन्द्र समायोजन गर्दा कूल २१ जना वा सो भन्दा वढि ३ वर्ष उमेर पुगेका बालबालिकाहरुको संख्या भएमा उक्त संख्या कायम भए सम्मका लागि उक्त विद्यालयमा बालविकास केन्द्रको २ कोटा कायम गरी समुदायमा सञ्चालित बालविकास केन्द्रको सहजकर्ताको व्यवस्थापन गरिनेछ अन्यथा उक्त सहजकर्तालाई बालविकास केन्द्रको कोटा नभएको अन्य विद्यालयमा सरुवा गरी व्यवस्थापन गरिनेछ।

(८) नगर शिक्षा समितिको निर्णयले नगर क्षेत्रभित्र रहेका विद्यालयहरुका जुनसुकै शिक्षकहरुलाई आवश्यक महसुष गरेमा अन्य विद्यालयमा १ पटकमा ६ महिनामा नबढ्ने गरी काजमा सरुवा गर्न सक्नेछ।

६. **विविध : (**१) यो कार्यविधि लागू हुनुपूर्व भए गरेका कामकारवाहीहरु यसै कार्यविधिअनुसार भएको मानिनेछ।

(२) यस कार्यविधिको कुनै दफा संविधान वा प्रचलित संघीय वा प्रदेश कानुनसँग बाझिएमा स्वत : अमान्य हुनेछ।

(३) यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा व्यवधानको परिस्थिति उत्पन्न भएमा त्यस्तो बाधा व्यवधान फुकाउने प्रयोजनका लागि यस बेसीशहर नगरपालिको नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ।

**आज्ञाले,**
**चेतनाथ अर्याल**
**प्रमुख प्रशासकिय अधिकृत**

**मुद्रक:** बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय। मूल्य रु.१०।–